# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# मार्मा गाउँपालिका
# दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।७७ मितिः २०७७/०३/२६
च.नं. ४२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।


श्री अध्यक्ष ज्यू,
मार्मा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, दार्चुला ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।०७७
च.नं ५१६

मितिः २०७७।३।२६

श्री अध्यक्ष ज्यू,
मार्मा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, दार्चुला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मार्मा गाउँपालिका, दार्चुलाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ३ करोड ४१ लाख ९२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५५ लाख ७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६३ लाख १२ हजार, नियमित गर्नुपर्ने रु. २ करोड २० लाख ४३ हजार, पेश्की बाँकी रु.३ लाख ३० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया तथा प्रमाण पेश हुन नआएबाट सोही बमोजिम कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १७ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।३।२६

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# मार्मा गाँउकार्यपालिका, दार्चुला
## लेखापरीक्षण प्रतिवेदन
**आर्थिक वर्ष : २०७५/०७६**

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न मार्मा गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । मार्मा गाँउपालिका अर्न्तगत ६ वडा रहेकोमा ३४ सभा सदस्य रहेका छन । २०८.०६ व.की.मी.क्षेत्रफल रहेकोछ । यस गाँपालिकामा २०६८ सालको जनगणना अनुसार जम्मा १४९५६ जनसंख्यारहेको छ । जुन सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम मार्मा गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेकोछ ।

| सि नं | आय तर्फ | | | सि नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम रु.** | | **विवरण** | **रकम** | **रकम रु.** |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | १९९०२९१०२.४९ | १९९०२९१०२.४९ |
| | नगद | | | २ | पुजिगत खर्च | १३१९४३०९१ | १३१९४३०९१ |
| | बैंक | ३१७३०१२०.७२ | ३१७३०१२०.७२ | ३ | धरौटी खर्च | २७२२९५५ | २७२२९५५ |
| २ | राजस्व | | | ४ | मौज्दात | | |
| | क) आन्तरिक राजस्व | ४६२३३८७ | ४६२३३८७ | | क) नगद मौज्दात | | |
| | ख) संघिय राजस्व | ४४८३३११७.३२ | ४४८३३११७.३२ | | ख) बैंक मौज्दात | ४६६४६९७६.६७ | ४६६४६९७६.६७ |
| | ग) प्रदेश राजस्व | ५०५६८९.१५ | ५०५६८९.१५ | | | | |
| | घ)प्रदेशबाट प्राप्त शैक्षिक सहयता | ७४०००० | ७४०००० | | | | |
| | ङ)अन्य आय | ४७९०४.३७ | ४७९०४.३७ | | | | |
| ३ | संघिय सरकारबाट प्राप्त अनुदान | | | | | | |
| | क) वित्तिय समानिकरण | १०१२००००० | १०१२००००० | | | | |
| | ख) सर्शत अनुदान | १३०६२९८५८.६ | १३०६२९८५८.६ | | | | |
| | ग) समपुरक अनुदान | १८८७६००० | १८८७६००० | | | | |
| ४ | प्रदेश सरकारबाट प्रप्ति अनुदान | | | | | | |
| | क) वित्तिय समानिकरण | ७६८२००० | ७६८२००० | | | | |
| | ख) समपुरक अनुदान | ३७८८००० | ३७८८००० | | | | |
| | ग) विशेष अनुदान | ७५००००० | ७५००००० | | | | |
| ५ | अन्य प्राप्ति | | | | | | |
| | क) प्रधानमन्त्रि रोजगार कार्यक्रम | ३७८४५१९ | ३७८४५१९ | | | | |
| | ख) जेष्ठ नागरिक सा सु | १७४०८६०० | १७४०८६०० | | | | |
| | ग) प्रदेश तथा स्थानिय क्षमता विकास तालिम | ३०५००० | ३०५००० | | | | |
| | घ)झोलुगें पुल | २५२७७२२ | २५२७७२२ | | | | |
| | ङ) गरिवसंग विशेस्वर कार्यक्रम | ३८२९०० | ३८२९०० | | | | |
| ६ | धरौटी आय | ४६७७३०७ | ४६७७३०७ | | | | |
| | **जम्मा** | **३८०३४२१२५.१६** | **३८०३४२१२५.१६** | | **जम्मा** | **३८०३४२१२५.१६** | **३८०३४२१२५.१६** |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१.</td><td>आय-व्यय अनुमान-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा आय-व्ययको बजेट कार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गर्ने र सभाले असार मसान्त भित्र पारित गर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७५/०७६ को लागी सभाबाट रु.२९ करोड २९ लाख ३६ हजारको आय-व्ययको बजेट पारित भएकोमा गाँउपालिकाबाट पेश भएको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत आय-व्यय विवरणबाट रु.३८ करोड ३ लाख ४२ हजारको को आय-व्ययको आर्थिक कारोबार भएको देखिएकोले सभाबाट पारित बजेट भन्दा रु. ८ करोड ७४ लाख ६ हजार वढी देखियो । सभाबाट पारित बजेट भन्दा वढीको आय-व्ययको कारोबार हुँदा बजेट अनुमान यथार्थ परक हुन नसकेको र सभाबाट पारित वजेटको सिमा नाघेको छ । बार्षिक आय-व्ययको वजेट अनुमान तयार गर्दा यथार्थ परक हुनु पर्ने र सभाबाट स्वीकृत बजेट भन्दा वढी भएको रकमको सभाबाट अनुमोदन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>वजेट निकासा- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा खर्चको अख्तियारी पठाउनु पर्ने र रकम निकासा गर्ने व्यवस्था छ । प्रदेश सरकारबाट प्राप्त अनुदान रकमको खर्चको अख्तियारी नभएको, रकम निकासा आदेश प्राप्त नभएको, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा खर्च भिडान भएको आर्थिक विवरण नभएको र आन्तरिक लेखापरिक्षण समेत भएको देखिएन । खर्च गर्ने अख्तियारी निकासा आदेश निकासा खर्च भिडान तथा आन्तरिक लेखा परीक्षण नभएबाट निकासा खर्च एकीन गर्ने कार्य एवं खर्च गर्ने आधार स्पष्ट हुदैन । गाँउपालिकालाई रकम प्राप्त हुँदा खर्च गर्ने अख्तियारी सहित निकासा प्राप्त हुनुपर्ने र निकासा गर्ने सम्बन्धित निकायले निकासा खर्च भिडान भएको आर्थिक विवरण सहित आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोबारलाई पारदर्शी र दुरुस्त वनाउनु पर्दछ । विवरण निम्न अनुसार छ ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान शिर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>वित्तियसमानिकरण अनुदान</td><td>६७८२०००.००</td></tr>
<tr><td>२</td><td>समपुरक अनुदान</td><td>३७८८०००.००</td></tr>
<tr><td>३</td><td>विशेष अनुदान</td><td>७५०००००.००</td></tr>
<tr><td>४</td><td>अन्य</td><td>७४००००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१८८१००००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.</td><td>बैंक हिसाव मिलान- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । महालेखा परीक्षकबाट स्वीकृत म.ले.प. फाराम बैंक हिसाव मिलान विवरण तयार गरेको देखिएन । बैंक हिसाव मिलान विवरण तयार नगरेबाट श्रेस्ताबाट देखिएको मौज्दात रकमको वास्तविक बैंक मौज्दात रकम भिडान हुदैन । आर्थिक वर्षको अन्त्यमा श्रेस्ताबाट रु.४६६४६९७६।६७ मौज्दात देखिएकोमा बैंक स्टेटमेन्टबाट बार्षान्तमा रु.६५२९८१६५।२४ देखिएबाट रु.१८६५११८८।५७ फरक परेको रकमको एकीन गरी हिसाव मिलान हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>आय व्यय विवरण सार्वजनिक नगरेको :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मासिक आय र व्ययको यथार्थ एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>कार्ययोजना नभएको- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को वुदा २.९ मा गाँउसभा बाट स्वीकृत वजेटको प्रभावकारी कार्यान्वयनको लागी समयसिमा सहितको कार्य योजना वनाई कार्य सम्पादन गर्नु पर्ने व्यवस्था छ । गाँउ सभाबाट स्वीकृत वजेट रु.२९२९३५८००।- को समय सीमा सहितको कार्ययोजना वनाएको देखिएन । स्वीकृत वजेटको समय सिमा सहतिको कार्ययोजना नवनाउदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्दछ । स्वीकृत बजेट कार्यान्वयनलाई प्रभावकारी वनाउन समय सिमा सहितको कार्ययोजना वनाई वजेट कार्यान्वयन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>विवरण सार्वजनिक नगरेको :- स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा २.१० मा स्थानीय तहबाट गरिने निर्माण कार्यस्थलमा सो काम संग</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सम्बिन्धित विवरणहरु आयोजनाको नाम, लागत, कार्यशुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि देखिने गरी काम सम्पन्न नभए सम्म सर्वसाधारणले देख्नसक्ने गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । स्थानीयले गरेका निर्माण कार्यहरुको योजनागत अभिलेख कार्यालयमा नरहेको र निर्माण कार्यास्थलमा योजनाको विवरण रहेको खर्च एवं अन्य कुनै विवरणबाट देखिएन । निर्माण कार्यस्थलमा विवरण नरहदा योजना एवं निर्माण कार्यको सर्वसाधारणलाई यथार्थ जानकारी नहुने देखिन्छ । प्रत्येक निर्माण कार्यको निर्माण स्थलमा सर्वसाधारणले देख्न सक्ने गरी योजनाको विवरण राखिनु पर्दछ । | |
| ७. | **योजना वनाई कार्यान्वयन गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ। गाँउपालिकाले यस्तो योजना वनाएको देखिएन । योजना नवन्दा योजनावद्ध विकास निर्माणका कार्यहरु कार्यान्वयन नहुने देखिन्छ । तोकिएका योजनाहरु वनाई योजनावद्ध कार्यान्वयन गरिनु पर्दछ । | |
| ८. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजिगत तर्फ कुल खर्च रु.१३ करोड १९ लाख ४३ हजार  रहेकोमा प्रथम चौमासिकमा १।०९ प्रतिशत, दोश्रो चौमासिकमा ३७।१८ प्रतिशत र तेश्रो चौमासिकमा ६१।७२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्रै २२।३८ प्रतिशत खर्च भएकोले आषाढमा आएर खर्चको चाप वढेको कारण सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| ९. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र  वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको र आर्थिक वर्ष २०७५।०७६ को आन्तरिक लेखा परीक्षण समेत गराएको पाईएन । | |
| १०. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाँउपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । राजश्व आम्दानीको दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट गाँउपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । गाँउपालिकाले दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारीशबापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो त्यसलाईनै आधार लिई हिसाब यकिन नगरी गाँउपालिकाले आम्दानी जनाएको रु.४६२३३८७०० यथार्थपरक देखिएन । आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम यकिन गर्नु पर्दछ । | |
| ११. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १२. | **अभिलेख अद्यावधिकः** स्थानिय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले गाँउ सभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउ सभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ , स्वीकृत मध्ये कुन – कुन कार्य भए र कुन -कुन कार्य हुन सकेन र गाँउसभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा आवश्यक छानविन गरी यथार्थता यकिन गरिनु पर्दछ । | |
| १३. | **शिर्षकगत आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५) मा स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सन्चित कोषको शीर्षकगत विवरण तयार गरेको देखिएन । शीर्षकगत विवरण तयार नगरेबाट शीर्षकगत आय व्ययको यथार्थता एकीन हुन नसक्ने देखियो । स्थानीय सञ्चित कोषको आय व्यय हिसावको यथार्थताको लागी शीर्षकगत देखिने गरी अभिलेख राखी चौमासिक विवरण तयार गरी समन्धित निकायमा पठाउनु पर्दछ । | |
| १४. | **आन्तरिक आय :** गाँउपालिकाले पेश गरेको आय व्यय विवरणमा आन्तरिक राजस्वमा जम्मा रु.४६२३३८७०० आम्दानी भएको देखाएको छ । जुन गत वर्ष भन्दा ४९८ प्रतिशतले बढी हो । गाँउपालिकाले आन्तरिक आय प्रक्षेपण गरेको छैन ।त्यस्तै आन्तरिक आम्दानीको स्रोत पहिचान नगर्नुका साथै भएका स्रोतहरुबाट के कति राजस्व संकलन गर्न सकिन्छ भनि त्यसको विश्लेषण समेत गरेको छैन । यसले गर्दा स्थानिय क्षेत्रको विकास गर्न संघीय सरकार र प्रदेश सरकारको अनुदानमा कमी ल्याउन आन्तरिक आम्दानीको स्रोत पहिचान गरी आन्तरिक आम्दानी मजबुत बनाउनु पर्दछ । | |
| १५. | **सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालयले रु १ लाख रुपैंया भन्दा बढी शुल्क लाग्ने सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग प्रतिस्पर्धाको आधारमा प्रस्ताब माग गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । सो बिपरीत गाँउपालिकाले १३ जना कर्मचारी सोझै बार्ताद्धारा नियुक्ती गरी रु.३३३८८८०।०० खर्च लेखेको पाइयो । नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी प्रतिस्पर्धात्मक मुल्यमा सेवा करार लिनुपर्दछ । | |
| १६. | **जिन्सी सम्पत्तीः** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ ।कार्यालयले लेखापरीक्षण अवधिसम्म खर्च भएर जाने र नजाने मालवस्तु तथा सम्पत्तिको जिन्सी निरीक्षण गरेको छैन । साथै जिन्सी निरीक्षणको लागी पहल समेत गरेको देखिन आएन । त्यसैगरी यो आर्थिक वर्षमा खरिद गरिएका माल वस्तु तथा सम्पत्तिहरु जिन्सी खातामा आम्दानी बाधेको भएपनि पूँजीगत प्रकृतिका खप्ने मालसामान र खर्च भएर जाने मालसमान लाई फरक-फरक संकेत नं. अनसुार फरक फरक जिन्सी खाता खडा गर्नु पर्नेमा सो नगरी एउटै खातामा तथा जिन्सी संकेत नं. समेत उल्लेख नगरी अभिलेख राखेको पाइयो सो सम्बन्धमा कानुनमा व्यवस्था भएबमोजिम खर्च भएर जाने र नजाने मालवस्तु अभिलेख तयार गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| १७. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई गाँउपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले सफ्टवयरको प्रयोग नगरी म्यानुअल प्रणालीमा लेखा राखेको छ ।यस तर्फ तत्काल सुधार गर्नु पर्दछ । | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १८. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानिय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले कानूनको उक्त व्यवस्था बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था समेत देखिन आयो । यस सम्वन्धमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | |
| १९. | **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले सार्वजनिक सुनुवाई गरी सेवाग्राहिले उपस्थिति जनाएको माईन्यूट गरेता पनि सार्बजनिक परीक्षण गरी सेवा प्रवाहमा सुधार गरेको छैन । | |
| २०. | **प्रगति विवरण-** स्थानीय सरकारका सञ्चालन ऐन २०७४ को दफा ७६ (३) मा गाँउपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । गाँउपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ । | |
| २१. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २२. | **स्थानीय तहका पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार .मार्मा गाँउपालिकाले देहाय बमोजिम यस वर्ष रु.९४१८५५३।०० सुविधावापत भुक्तानी भएको छ । | |

| सि. नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २५००० | ११०००० | ४८००० | ९७५०० | ३७५६००० गत आ.व<br>३५२६०००<br>**७५१२०००** |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | ११०० | १००० | ३००० | - | - | ६१२००गत आ.व<br>६१२००<br>**१२२४००** |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | ५५८१५३ |
| ४ | अनुगमन भत्ता (मासिक) | - | - | - | - | - | १२२६००० |
| | **चालु आ.व.जम्मा** | | | | | | **५६०१३५३.००** |
| | **गत वर्ष जम्मा** | | | | | | **३८१७२००.००** |
| | **कुल जम्मा** | | | | | | **९४१८५५३.००** |

| | | |
|---|---|---|
| २३. | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले सो बमोजिमको सूचि तयार नगरी सालबसाली टुक्रे योजनाहरुमात्र संचालन गरेको छ । | |
| २४. | **आर्थिक कारोवार वन्द नगरेको :** आर्थिक कार्यविधि नियमावली ,२०७४ को नियम ३३ मा सालतमाम हुनु भन्दा कम्तीमा सात दिन अगाडी भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी गरी आर्थिक कारोवार वन्द गर्नुपर्ने र आर्थिक कारोवार वन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावधिक गरी वाकी रहेको रकम सम्बन्धित सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सञ्चितकोष खातावाट आ.व.२०७५।०७६ को लागी चालु खर्च खातामा मिति २०७६।४।६ मा १८०९२३८५।८७ र पुजीगत खर्च खातामा २०७६।४।२९ मा रु.५२८५५९६।८४ रकम ट्रान्सफर गरी चालु खर्च खाताको मौज्दात वाकी रकम रु.५७८३१९६।७३ मिति २०७६।५।३ मा र पुजीगत खर्च खाताको मौज्दात वाकी रकम रु.२५५४८८५।८४ मिति २०७६।५।३ मा स्थानिय सञ्चितकोष खातामा फिर्ता गरी खर्च खाता शुन्य गरेको देखिएको ले समयमा आर्थिक कारोवार वन्द नगरी पछील्लो आर्थिक वर्षमा समेत काारोवार भएको देखिन्छ। सनराइज वैंकमा रहेको २०७६।४।२१ सम्म चालु खर्च खातामा ५१७२२५७।०० र पुजीगत खर्च खातामा १०९१५३७।०० मौज्दात वाकी रहेकोले खर्च खाता शुन्य गरी मौज्दात वाकी रकम सञ्चितकोषमा फिर्ता गरेको देखिएन । तोकिएको समयमा आर्थिक कारोवार वन्द नगर्दा आर्थिक कारोवारको लेखा दुरुस्त नहुने देखिन्छ । आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगाडी भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोवार वन्द गरी निकासा र खर्चको लेखा अद्यावधिक हुनु पर्दछ । | |
| २५. | **मौज्दात रकम फिर्ता नभएको :** अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७५।७६ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनको दफा ७ मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । सशर्त अनुदानको रकम आर्थिक वर्ष २०७५।७६ मा खर्च नभइ मौज्दात बाँकी रहेको रकम रु २५३०२०७६।११ मध्ये समपुरक तर्फ रु.२१७१३०६९।७२ आर्थिक वर्ष २०७६/२०७७ मा राजश्व दाखिला भएकोले दाखिला बाँकी रकम संघीय संचितकोष दाखिला हुनुपर्ने रु .... | ३५८९००६.३ |
| २६. | **डोजर, स्काभेटर लगायत मेसिनको प्रयोग :-** कार्यालयले नयाँ बाटोको ट्रयाक खन्ने, सडक विस्तार गर्ने, पहिरो पन्छाउने आदि कार्यहरु उपभोक्ता समिति मार्फत गराएको छ । यसरी गर्ने कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेट बमोजिम प्रति घनमिटर माटो खन्न तोकिएको दरलाई आधार बनाई तर्जुमा गर्ने गरेको छ । तर उपभोक्ताहरुले काम गर्दा र गराउदा प्रति घण्टाको दरमा डोजर, स्काभेटर आदि मेशिन भाडामा लिइ कार्यहरु गराउने गरेको पाइयो । यसरी मेसिन भाडामा लिदा एउटै प्रकृतिको कार्य गर्ने एउटै मेसिनको भाडा समेत एउटै वा फरक स्थान र समयमा समेत फरक फरक दरले भाडामा लिई कार्य गराउने गरेको देखियो । इन्धन खपत समेत एउटै प्रकृतिको मेसिन र कार्यमा समेत फरक परिमाण खपत हुने गरेको देखियो । यसप्रकार गरिएको कार्यको नापजाच भने स्वीकृत लागत अनुमान बमोजिम प्रति घनमिटरमा नै गर्ने गरिएको छ । तर प्रति घन मिटर उक्त कार्यहरु गर्न के कति घण्टा मेसिन चलाउनु पर्दछ सोको बिश्लेषण गर्ने गरेको पाइएन । गाँउ कार्यपालिकाले समेत प्रति घण्टा डोजर, स्काभेटर लगायतका मेसिनको दररेट के कति हुने सम्वन्धमा निर्णय गरेको देखिन आएन । त्यसैगरी उपभोक्ताबाट गरिने कार्यहरु श्रम प्रधान हुनुपर्ने र मेसिनको प्रयोग गर्न नपाइने भन्ने प्रचलित कानूनहरुको प्रावधान समेत पालना भएको देखिन आएन । यस सम्वन्धमा सम्वन्धित निकायको ध्यान जानु आवश्यक छ । | |
| २७. | **कामको नापजांच र नापी कितावः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा स्थानिय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विकास योजना तथा कार्यक्रममा भएको कामको तोकिएको प्राविधिकबाट तोकिए बमोजिम नापजांच र प्राविधिक पुष्ट्याई गर्नुपर्ने प्रावधानहरु रहेको छ । कार्यालयले योजना तथा कार्यक्रममा भएको कामको नांपजाच र जांचपास गर्दा केहि योजना तथा कार्यक्रमहरुमा लुज सिटको पानामा नापजांच गरी प्रविष्टि गरेको छ भने केहि योजना तथा कार्यक्रमको हार्डकपि नापी कितावमा योजना वा | |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>कार्यक्रम पिच्छे छुट्टा छुट्टै प्रविष्टि गर्ने गरेको छ । लुज सिटमा प्रविष्टि गर्दा कुनैमा Measurement sheet, कुनैमा Detail measurement sheet, कुनैमा Cost valuation वा खर्च बिबरण आदि उल्लेख गरी प्रविष्टि गरेको छ । यस प्रकार गरेको नापजांचको अभिलेख अद्यावधिक गरी नराखेको र रनिङविलहरु तथा कार्य सम्पन्न प्रतिवेदन पनि तोकिएको ढाँचामा राखेको छैन जस्ले गर्दा अघिल्लो विलको कामको परिमाण र रकम नखुल्ने साथै दाहोरो भुक्तानी हुन सक्ने अवस्था रहन्छ । यस तर्फ गाँपालिकाले तत्काल सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>मू.अ.कर दाखिला: मु.अ.कर ऐन, २०५२ तथा नियमावली, २०५३ बमोजिम कार्यालयले भुक्तानी दिएको १३ प्रतिशत मु.अ.कर रकमको ५० प्रतिशत मु.अ.कर रकम कट्टी गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले यस प्रकार कट्टी गरेको मु.अ.कर रकम कुन कुन व्यक्ति वा संस्थाको के कति कढ्टी गरी के कति रकम राजस्वको सम्वन्धित खातामा दाखिला गरियो सो अभिलेख तयार नगरेबाट यकिन हुन सकेन ।</td><td></td></tr>
<tr><td>२९.</td><td>अग्रिम कर समयमा दाखिला नगरेको : आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानीमा कट्टा गरेको अग्रिम कर समयमा दाखिला नगरी एकमुष्ट रकम रु २३१५२३३।०० मिति २०७६।०३।३१ मा दाखिला गरेको देखियो । ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन नगरेको र समयमा दाखिला गर्नेतर्फ ध्यान नदिएको कारणले समयमा दाखिला नभएको हुनसक्ने देखियो । समयमा दाखिला नहुदा आर्थिक कारोवारको लेखा अद्यावधिक नहूने र राजश्व आम्दानी दाखिला ढिला हुने देखियो । ऐनमा व्यवस्था भएअनुसार भूक्तानीमा कट्टी गरिएको अग्रिम कर समयमा दाखिला गरी लेखा दुरुस्त हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>एकमुष्ठ बजेट विनियोजन : स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा सभाले योजना तथा कार्यक्रम सहितको बजेट पारित गर्ने व्यवस्था छ । सभाले पारित गरेको सुरु बजेटमा निम्नानुसारका बजेट योजना तथा कार्यक्रमगत नभइ एकमुष्ठ बजेट विनियोजन गरि पछि छुट्याइएको छ । योजना तथा कार्यक्रमगत बजेट विनियोजन नगरी पछि योजना छुट्याउदा योजना छनौट कार्य प्रभावकारी नहुन सक्दछ । सुरु बजेट विनियोजन गर्दा योजना तथा कार्यक्रमगत रकम विनियोजन गरी एकमुष्ट बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यस वर्ष एकमुष्ठ बजेट विनियोजनको क्षेत्र निम्न छ ।
<table>
<tr><th>सि.नं.</th><th>विनयोजन गरेको क्षेत्र</th><th>रकम रु. (हजारमा)</th></tr>
<tr><td>१</td><td>स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम</td><td>१००००</td></tr>
<tr><td>२</td><td>पशुस्वास्थ्य सुधार</td><td>४०००</td></tr>
<tr><td>३</td><td>समपुरक कोष</td><td>७५००</td></tr>
<tr><td>४</td><td>यातायात क्षेत्र विकास</td><td>२०००</td></tr>
<tr><td>५</td><td>विद्यालय क्षेत्र विकास</td><td>६३९६</td></tr>
<tr><td>६</td><td>शिक्षा क्षेत्र पुर्वाधार विकास</td><td>१६०४</td></tr>
<tr><td>७</td><td>पर्यटन पुर्वाधार विकास</td><td>५५००</td></tr>
<tr><td>८</td><td>कृषि क्षेत्र सुधार</td><td>४०००</td></tr>
<tr><td>९</td><td>विद्युतिकरण</td><td>२३००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२३००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.</td><td>स-साना योजना छनौट : स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ७१ मा योजना तथा कार्यकम सहितको आय व्ययको बजेट सभाले पारित गर्ने व्यवस्था छ । सभाले पारित गरेका योजना तथा कार्यकमहरु साना र धेरै योजनाहरु छनौट भएको देखिन्छ ।यसरी स-सना योजनाहरु छनोट हुँदा बढी प्रतिफल दिन नसक्ने , दिगो योजनाहरु कार्यान्वयन नहुने, प्रभावकारी अनुगमन नहुने प्रशासनिक खर्च बढी हुने तथा दिगो एव गुणस्तरिय विकासमा वाधा पुग्ने र समग्र योजना कार्यान्वयनमा समेत समस्या हुने देखिन्छ । गाँउपालिकाले योजना छनोट गर्दा उत्पादन र उत्पादक्त्व बढ्ने तथा आम नागरिकको जिवनस्तर माथि उकास्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ । गाँउपालिकाले धेरै प्रतिफल दिनसक्ने ठुला योजनाहरु छनौट गरी योजनाको दिगोपनामा जोड दिइ धेरै स-साना योजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।यस वर्ष गाँपालिकाले सञ्चालन गरेका टुक्रे योजनाको विवरण निम्न छन ।</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| योजना | संख्या | रकम रु.(हजारमा) |
|---|---|---|
| रु ५ लाख भन्दा कमका योजना | ११८ | २२६७० |
| रु ५ लाख भन्दा माथि रु १० लाख सम्मका योजना | १ | ८९९७ |
| रु १० लाख भन्दा माथिका योजना | ११ | २४२०० |

३२. **उपभोक्ता समितिबाट भएको निर्माण कार्य** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य रोजगारी सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरि त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा एक करोड भन्दा बढी लागत अनुमानको कार्य गराउन नमिल्ने, साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान उल्लेख गर्नुपर्ने, हेभी मेशिनहरु प्रयोग गर्न नमिल्ने, आफुले पाएको निर्माण कार्य सवकन्ट्याक्टरबाट गराउन नमिल्ने र निर्माण कार्य सम्पन्न भएपछि आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने र खरिद नियमावलीको नियम १९ मा स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था छ।

स्थानीय तहले धेरैजसो निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा ऐनमा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता, दिगोपना र रोजगारी सिर्जना गर्ने पर्याप्त आधारहरु सुनिश्चित गरेर निर्माण कार्य गराएको देखिदैन । खरिद नियमावलीमा भएका व्यवस्थाहरु अधिकांश सडकका आयोजनाको कुल लागत अनुमान एक करोड भन्दा बढी हुने र साठी लाख भन्दा बढी लागत अनुमान भएकोमा प्रत्येक इकाइमा उपभोक्ताले गर्नुपर्ने योगदान उल्लेख नहुने, सडक निर्माण कार्यका योजनाहरुमा हेभी मेशिन प्रयोग हुने, हेभी मेशिनको प्रयोग कन्सटक्सन कम्पनी मार्फत हुने गरेका र निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिलाइ आयोजना हस्तान्तरण हुने नगरेको र स्थायी लेखा नम्बर नलिएकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन मिल्ने देखिदैन । नियममा भएका व्यवस्थाको कार्यान्वयन नगरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा ऐन नियममा भएका व्यवस्थाको कार्यान्वयनमा असर परेको छ। खरिद ऐन नियममा भएका व्यवस्थाको पुर्ण रुपमा कार्यान्वयन गरेर मात्र उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्ने अन्यथा उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा नियन्त्रण हुनुपर्दछ। उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन्।

३३. **उपभोक्ता समितिले गरेको खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिवाट निर्माण वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपन अभिवृदि हुने भएमा वा परियोजनाको उदेश्य रोजगारी सृजना गर्ने भएमा कार्य गराउन सकिने व्यवस्था छ। उपभोक्ता समितिवाट गराइएको निम्न कार्यहरुको फर्म/कम्पनीहरुबाट खरीद विलको समेत भुक्तानी भएको देखिएकोले नियमानुसार देखिएन । उपभोक्ता समिति मार्फत फर्म /कम्पनिवाट खरीद भएको कार्यको भुक्तानी हुँदा ऐन नियमको प्रकिया पुरा गरी खरीद कार्य नहुने हुदा प्रतिस्पर्धा नहुने एवं गुणस्तरको समेत परिक्षण नहुने हुँदा खरीद कार्य मितव्ययी एवं गुणस्तरमुलक भएको सुनिश्चितता हुदैन । ऐन नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा मितव्ययिता गुणस्तरियता हुने आधार स्पष्ट गराएर निर्माण कार्य मात्र गराउनु पर्ने हुदा सामान खरीद कार्य गरेको तल उल्लेखित रकम नियमानुसार नदेखिएको रु............. १३०११२०६/२०

| सि.नं. | भौ.नं. | निर्माण कार्य | फर्मको नाम | विल रकम |
|---|---|---|---|---|
| १ | २३६–२०७६।१।१७ | लटिनाथ मन्दीर फिल्ड निर्माण | हुनैनाथ रानीवास निर्माण प्रा.लि. | ६४०४९९।९८ |
| २ | २४७–२०७६।१।२४ | घट्टेखोला परिवन लिप्टीङ खानेपानी सोलार खरीद | आर के डी सप्लायर्स | १९९२४३३।३० |
| ३ | २८२–२०७६।३।३ | तपोवन कृषि व्यवस्थापन समिति फर्निचर खरीद | न्युरानीवास ट्रेडर्स/रतन इन्टरप्राइजेज | ६९७९२७।९९ |
| ४ | ३२७–२०७६।३।२५ | विद्युत लाइन विस्तार | साइनिङ एक्सीस कन्सलटेन्ट प्रा लि | ९१९४२४।५० |
| ५ | ३२८– | सिमार पडपडा विद्यूत लाइन विस्तार | साइनिङ एक्सीस कन्सलटेन्ट प्रा लि | ७२९८१०।५० |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | २०७६।३।२५ | | | |
| ६ | ३३६–२०७६।३।२५ | दुनी विद्युत लाइन विस्तार | साइनिङ एक्सीस कन्सलटेन्ट प्रा लि र एम पी सप्लायर्स | ५८५२५६।३० |
| ७ | ३४२–२०७६।३।२५ | व डा नं.५ विद्युतलाइन विस्तार | साइनिङ एक्सीस कन्सलटेन्ट प्रा लि | २०१७९५४ |
| ८ | ३८१–२०७६।३।२८ | तिम्लाडेरा निम्ठा विद्यूत लाइन विस्तार | लिल एम पी सप्लायर्स | ८६५३३८।१८ |
| ९ | प्रदेश विसेश अनुदान ४–२०७६।३२५ | पडपडा वजकोट विद्युतलाइन विस्तार | साइनिङ एक्सीस कन्सलटेन्ट प्रा लि | १८०६४४६।२५ |
| १० | ५–२०७६।३।२५ | तिम्लाडेरा परिवन विद्युतलाइन विस्तार | साइनिङ एक्सीस कन्सलटेन्ट प्रा लि | १७८८३३८ |
| ११ | ६–२०७६।२८ | लङ्गा मन्दीर निर्माण | देवहरी ट्रेडर्स एण्ड सप्लायर्स | ९६७७७७२० |
| जम्मा | | | | १३०११२०६।२० |

**३४.** **विमा नगरेको** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीले गरेको निर्माण कार्यको विमा गरेको देखिएन ।लागत निर्माण तयार गर्दा परिमाण सुचिमा विमाको आइटम समावेश नभएको कारणले विमा नभएको हुन सक्दछ। निर्माण कार्यको विमा नहुदा जोखिम वहन गर्ने कार्य नहुने देखिन्छ। नियममा व्यवस्था भए अनुसार निर्माण कार्यको जोखिम वहन गर्नका लागी विमा गराउनु पर्दछ।

| सि.नं. | निर्माण व्यवसायिको नाम | निर्माण कार्य | सम्झौता रकम रु। | यो वर्ष भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १ | सिह कन्ट्रक्शन | स्वास्थ्य चौकी घेर पर्खाल | १६२५१०० | १६२५०९९ |
| २ | लटिनाथ जोशी निर्माण सेवा | इलाका प्रहरी भवन निर्माण | १४१८७४९।६९ | १४१६३८२ |
| ३ | गौरीकैलाश तालवन्द निर्माण सेवा | परीवगर घोल्जर सडक निर्माण | ९५७६०९१।६१ | ४३७७६०४ |
| ४ | वालीचन्द्र निर्माण सेवा | लटिनाथ सार्सी वजानी सडक | ९५६७२६६।७६ | ५६५२५०३ |

**३५.** **मुल्य अभिवृद्धि** : आर्थिक ऐन २०७६ वमोजिम कार्यालयले ठेक्का रकमको मुल्य अभिवृद्धि करको ५० प्रतिशतले हुने रकम भुक्तानीमा कट्टा गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गर्नु पर्ने व्यवस्था छ। निम्न ठेक्काको भुक्तानीमा मुल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा गरेको देखिएन ।भुक्तानीमा कट्टी गरी दाखिला गर्नु पर्ने अभिवृद्धि कर रकम दाखिला नहुँदा राजस्व आम्दानी हुन सकेको छैन । ऐनमा व्यवस्था भए अनुसार भुक्तानीमा कट्टा गरी असुल गर्नुपर्नै रु ............

| सि.नं. | भौ.नं. | निर्माण व्यवसायीको नाम | मु.अ.क रकम रु. | ५० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| १ | ३३७–२०७६।३।२५ | लटिनाथ जोशी निर्माण सेवा | ८१८६९३७ | ४०९३४।६८ |
| २ | ३–२०७६।३।४ | गौरीकैलाश तालवन्द निर्माण सेवा | ५०३६१८। | २५१८०९। |
| ३ | ५–२०७६।३।२८ | वालीचन्द्र निर्माण सेवा प्राली | ६५०२८७ | ३२५१४३।२५ |
| **जम्मा** | | | | **६१७८८६।९३** |

बेरुजू रकम रु. ६१७८८६/९३

**३६.** **आर्थिक सहायता** : स्थानिय तहमा वजेट तर्जुमा,कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण निर्देशिका २०७४ को बुदा ३.४ मा नेपाल सरकारको अनुदानवाट प्राप्त रकम कुनै पनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाइने व्यवस्था छ । आर्थिक सहायता रु.२१३१८८०। उद्धार राहत तथा पुनस्थापना लगायतका कार्यमा व्यक्तिलाई दिइएको राहत रकम नियमानुसार देखिएन । नियमले नमिल्ने आर्थिक सहायताको रकम वितरण हुँदा विकास निर्माणका कार्यहरुमा रकम कमि हुने देखिन्छ । नियमले वितरण गर्न नमिल्ने आर्थिक सहायता वितरण गरेको रकम नियमानुसार नदेखिएको रु...............

बेरुजू रकम रु. २१३१८८०/-

**३७.** **वितरण मुखि खर्च** : ३१–२०७५।८।१२ स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा वजेट योजना तथा कार्यक्रमगत हुनु पर्ने व्यवस्था छ । खानेपानी पाइप रु.४८०३६३ खरीद गरी विभिन्न व्यक्तिहरुलाई वितरण

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गरीएकोमा योजना तथा कार्यक्रम वेगर खर्च गरेको देखियो । योजना तथा कार्यक्रम वेगर व्यक्तिलाइ सामान वितरण गर्दा व्यक्तिगत प्रयोजनमा खर्च हुने देखियो । स्विकृत वार्षिक योजना तथा कार्यक्रम वनाएर कार्यक्रम खर्च हुनु पर्ने र व्यक्तिगत प्रयोजनमा प्रयोग हुने सामान खरीद गरी वितरण गरेको खर्च नियमानुसार नदेखिएको रु..... | ४८०३६३.०० |
| ३८. | **सवारी साधन खरीद :** स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को बुँदा ५.१३ मा नेपाल सरकारवाट उपलब्ध गराइएको वजेट तथा स्रोतसाधनवाट कार्यालयको नियमित प्रयोजनको लागी सवारी साधन खरीद गर्न नपाइने व्यवस्था छ । सिप्रदी ट्रेडिड प्रा.लि.वाट पिकअप सवारी साााधन रु.३८७००००। को खरिद गरेकोमा खरिद गर्न मिल्ने देखिएन नियमले नमिल्ने कार्यमा गरेको खर्चले खर्च बढाएको छ । नेपाल सरकारले उपलब्ध गराएको वजेटवाट सवारी साधन खरीद गर्न नेपाल सरकारको स्विकृति पेश हुनु पर्ने रु.... | ३८७००००।० |
| ३९. | **विधान कार्ययोजनाको खर्च :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा स्विकृत वजेटको परिधि भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका अन्तरगतका ८ वटा सामुदायिक वनहरुको विधान कार्ययोजना तयारी तथा हस्तान्तरण वापत दार्चुला विकास संगठनलाइ रु.४९८५७६ भुक्तानी दिइएकोमा सामुदायिक वनहरुको विधान कार्ययोजना वनाउने दायित्व सामुदायिक वन उपभोक्ता समितिको रहने देखिएकोले खर्च नियमानुसार देखिएन । नियमानुसारको कार्यमा खर्च नभई अन्य कार्यमा खर्च हुँदा विकासका अन्य कार्यहरुमा असर पर्दछ । अन्य निकायको आफ्नै दायित्व भित्र रहेका कार्यहरु आफै मार्फत गराउनुपर्ने भएकोले यस्ता कार्यहरुको गाँउपालिकाले भुक्तानी गर्नु पर्ने कार्यमा नियन्त्रण हुनु पर्ने रु......... | ४९८५५६।०० |
| | **वित्तीय समानीकरण चालुतर्फ** | |
| ४०. | **शिक्षकको तलब भत्ता अनुदान :** स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ मा स्विकृत वजेटको परिधि भित्र रही प्रचलित कानुन वमोजिम खर्च गर्नु पर्ने व्यवस्था छ । करारका शिक्षकहरुको तलब भत्ता विभिन्न विद्यालयहरुलाइ ५९२१९००। अनुदान निकासा दिएकोमा विद्यालयका शिक्षकहरुको तलब भत्ता वित्तिय हस्तान्तरण शिर्षकको सशर्त अनुदानमा रकम व्यवस्था भएकोले यो शिर्षकवाट खर्च लेख्न मिल्ने देखिएन विद्यालयका शिक्षकहरुको तलब सशर्त अनुदानमा विनियोजन भएकोले यो शिर्षकवाट खर्च लेख्दा व्ययभार थप हुन गएको देखिन्छ । विद्यालय सँचालनको लागी तलब भत्ता लगायतका खर्चको लागी विनियोजन भएको शिर्षकवाट विद्यालयलाइ रकम निकासा दिइसकेपछी यो शिर्षकवाट विद्यालयहरुलाइ स्वीकृत दरवन्दी बेगर अनुदान निकासा गरेको रकम नियमानुसार नदेखिएको रु.................... | ५९२१९००।० |
| | **राजस्व बाँडफाड तर्फ** | |
| ४१. | **विल भन्दा बढी पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा सरकारी काम काजको लागि दिइएको पेश्की नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुनेछ । कार्यालयमा पेश्की रकमको विल भरपाई सहितको विवरण प्राप्त भएपछि वास्तविक खर्च एकिन गरी पेश्की फछ्र्यौट गर्ने कानुनी व्यवस्था छ । गाँपालिकाका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका लागि अवलोकन भ्रमण गर्नको लागि खरिदार खेमराज भट्टले रु.७०००००।०० पेश्की फछ्यौट गरी थप रु.१९४२८२।०० भुक्तानी गर्दा रित पूर्वक कर विजक भन्दा भन्दा रु.१५०००।०० बढी खर्च उल्लेख गरेको देखिएकाले निज कर्मचारीबाट असुल हुनु पर्दछ । | १५०००।०० |
| | **झोलुङ्गे पुल तर्फ :** | |
| ४२. | **अग्रीम कर कट्टी :** ३।२०७६।२।१३ आयकर ऐन २०५८ मा परामर्श सेवामा १५ प्रतिशत अग्रीम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । समाज कल्याण समाजलाइ सर्भे डिजाइन तयार गरेवापत रु.२४०७२४ भुक्तानी गरेकोमा कर विजक पेश नगरेकोले कर विजक वेगरको भुक्तानीमा १५ प्रतिशतले हुने रकम रु.३६१०८।६० अग्रीम कर कट्टा गरेको देखिएन । अग्रीम कर असुल नहुँदा राजस्व आम्दानीमा कमी भएको छ । अग्रीम कर कट्टा गरी भुक्तानी हुनु पर्नेमा छुट भएको अग्रीम कर असुल हुनु पर्ने रु........................ | ३६१०८/६० |
| | **ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तर्फ :** | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४३. | **कर विजक वेगर भुक्तानी :-** मुल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनु पर्ने व्यवस्था छ । त्यस्तै आयकर ऐन २०५८ को दफा १० छ (२) मा दफा २ को खण्ड (ध)वमोजिम छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित अन्य योगदानहरुमा कर छुट हुने कानूनी व्यवस्था छ । त्यसै गरी ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना कार्यान्वयन निर्देशिका २०७५ मा सहयोगी संस्था छनोट तथा परचािलन कार्यविधिमा मुनाफा रहित गैर सरकारी संस्थाको रुपमा रहेको संस्थाले सम्बन्धित कर कार्यालयवाट कर छुटको प्रमाण पत्र अनिवार्य भनि उल्लेख छ । यस गाँउपालिका अन्तर्गत सञ्चालित विभिन्न तालिम लगायतका कार्यक्रम गर्न सामुदायिक ग्रामिण विकास समाज दार्चुला सँग सम्झैता गरी कार्य गरेकोमा उक्त संस्थाले २०६२ सालमा कर छुटको प्रमाण पत्र लिएकोमा त्यसको नविकरण समेत गरेको छैन ।त्यसैगरी यस गैरसरकारी संस्थाका क्रियाकलाप मुनाफा आर्जन गर्ने क्रियाकलाप सँग सम्बन्धित देखिन्छ । यस संस्थालाई कर विजक वेगर तल उल्लेखित रु.३९०२०२०।०० भुक्तानी भएकोले आयकर ऐन ,२०५८ को दफा ८८(१) बमोजिम भुक्तानी रकमको १५ प्रतिशतले हुने रु.५८५३०३।०० सम्बन्धितवाट असुल हुनु पर्दछ । | ५८५३०३.०० |

| गौ.भौ.नं./मिति | भुक्तानी लिने संस्था | कार्य विवरण | भुक्तानी रकम रु. |
|---|---|---|---|
| १०-२०७५/९/६ | सामुदायिक ग्रामिण विकास समाज दार्चुला | क्षमता विकास तालिम | ८०५३७२.०० |
| १६-२०७५/११/२७ | सामुदायिक ग्रामिण विकास समाज दार्चुला | क्षमता विकास तालिम | ८२९३०८.०० |
| २५-२०७६/२/२० | सामुदायिक ग्रामिण विकास समाज दार्चुला | क्षमता विकास तालिम | ८४८२१७.०० |
| २६-२०७६/३/२५ | सामुदायिक ग्रामिण विकास समाज दार्चुला | क्षमता विकास तालिम | २२२२३.०० |
| १२ क- २०७६/९/२६ | सामुदायिक ग्रामिण विकास समाज दार्चुला | गाँउपालिका स्तरिय जल उपयोग गुरुयोजना (कुल लागत अनुमान १३९६९००) मध्ये यस वर्ष रु.५५८७६० ) | १३९६९००.०० |
| **जम्मा** | | | **३९०२०२०.००** |

| | | |
|---|---|---|
| ४४. | **भुक्तानीमा कर कट्टी** : गो .भौ.नं.३७-२०७६।३।२४ आयकर ऐन , २०५८ को दफा ८८ (१०) मा सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा फेवरेट मिडिया प्रा.लि.लाई डकुमेण्ट्री निर्माण वापत रु. ५००००।०० भुक्तानी गर्दा नियमानुसार कर कट्टी गर्नु पर्ने रु............. | ७५००/- |
| ४५. | **बहाल कर :** आयकर ऐन २०५८ को दफा ८८(४) मा वासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेमा दश प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने कानुनी व्यवस्था भएकोमा तल उल्लेखित उपभोक्ता समितिलाई ढुवानी खर्च र स्टोर भाडा वापत भुक्तानी दिदा नियमानुसार कर दाखिला नभएको रु. | २८७१८/- |

| गौ.भौ.नं.र मिति | उपभोक्ता समिति | कर रकम रु. |
|---|---|---|
| २-२०७५.८.१२ | खुर्केनी मेलगाढ जनउपयोगी मार्मा १ उ.स | १५३९६/- |
| ३-२०७५.९/२५ | छिलछिले जारखोला खानेपानी तथा सरसफाई उ.स | ८०३७/- |
| १३-२०७६/३/२४ | लाटीनाथ विद्यालय शौचालय निर्माण उ.स | ५२८५/- |
| जम्मा | | |

| | | |
|---|---|---|
| | **वातवरणीय सरसफाई तर्फ** | |
| ४६. | **खरिद आदेश तथा दाखिला वेगरको खर्च :** २०७६/३/ मा वातवरणीय सरसफाई कार्यक्रम सञ्चालन गरेको भनि खरिदार खेमराज भट्टले रु.५६०००।०० खर्च जनाएकोमा १० वटा डष्टबिन खरिद गरेको रु.३९५००।०० बिल समावेश गरेको छ । उक्त डष्टबिन खरिद गर्दा माग फारम, खरिद आदेश र दाखिला प्रतिवेदन र वितरण भरपाई समेत समावेश नगरेको देखिएकाले डष्टविन खरिद वापतको खर्च असुल हुनु पर्ने रु...... | ३९५००/- |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **ग्रामिण सामुदायिक पुर्वाधार कार्यक्रम** | |
| ४७. | **अनुगमन खर्च :** गो. भौ.नं. ७-२०७६।३।२६ उपभोक्ता समितिवाट सञ्चालित ३ योजना अनुगमन गरेको भनि इन्जिनियर अशोक कुमार साह र विरेन्द्र कुमार झा ले दैनिक भ्रमण भत्ता वापत क्रमश रु.११२२१५ र ५९०२०।०० गरी जम्मा रु.१७१२३५।०० खर्च बुझेकोमा उक्त योजनामा अनावश्यक अनुगमन खर्च देखाएकोले अनुगमनको औचित्य पुष्टी नहुने रु...... | १७१२३५/- |
| | **विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ :** | |
| ४८. | **डण्डीको विल भन्दा बढी भुक्तानी : गो.भौ.नं.३ –२०७६।२।१०** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ताको प्राविधिक मूल्याङ्कन ,विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने कानूनी व्यवस्था छ । कार्यालयले सल्लेधार मा.वि. मुरैको शौचालय निर्माण उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्य गरेकोमा सम्झौताको अर्थात लागत अनुमानको item no.१० मा MS bar for RCC work भनि जम्मा ९५२।०१ के.जी खपत गर्ने गरी लागत अनुमान तयार पारेकोमा उपभोक्ताले पेश गरेको कर विजकमा जम्मा ८५३ के.जी मात्र पेश गरेको देखिएकाले कर विजक वेगरको ९९।१के.जी को प्रति के.जी.दर रु.१२७.१४ ले हुने जम्मा रु.१२५२० को कर विजक पेश गर्नु पर्ने अन्यथा उक्त रकम असुल हुनु पर्ने रु.................... | १२५२०/- |
| ४९. | **योजनाको भुक्तानी :** सार्बजनिक खरिद नियमाबली,२०६४को नियम १२३(१)ख मा खरीद सम्झौता अनुसार सार्बजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राबिधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तबिक कार्यको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । नाप जाँच गर्दा अघिल्ला विलहरुको परिमाण र मूल्य खुलाउनुपर्नेमा गत वर्ष जिल्ला शिक्षा समन्वय इकाईले सम्झौता गरी हस्तान्तरण गरिएको अपिपथ पथर्दशक मा.वि शेरा ४ को भवन निर्माण उपभोक्ता समितिले पेश गरेको विलमा गत वर्षको भूक्तानी रु.२२४९२९८।४२ उल्लेख भएकोमा सम्झौता र आइटमवाइज खर्चको रनिङविल र उपभोक्ताको अंश समेत नखुलाई यस वर्ष बाँकी काम भनि २१९१७३३।०२ को मूल्याङ्कन गरेको छ ,सो मध्ये रु.३९६४२९।०२ उपभोक्ताको अंश घटाई रु.१७९५३०४।०० भुक्तानी भएकोछ गत वर्षको कार्यको आइटमवाइज रनिङविल तयार नगरी एकमुष्ट रकम समावेश गरी यो वर्ष कार्य सम्पन्न तयार गरी भुक्तानी भएको देखिएकाले उक्त योजनामा समझौता रकम र भुक्तानी रकम एकिन गर्न नसकिएकाले छानविन गरी एकिन हुनु पर्ने रु................ | १७९५३०४/- |
| | **सवैको लागी शिक्षा कार्यक्रम तर्फ :** | |
| ५०. | **विद्यालयलाई बढी निकासा :** सरकारी रकम खर्च गर्दा खर्चको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (८) मा व्यवस्था छ । गाँपालिकाले तल उल्लेखित विद्यालयहरुमा निकासा दिदा अस्थायी अवकास प्राप्त शिक्षकलाई चैत्र महिनाको समेत भुक्तानी दिएको देखिएकाले बढी भुक्तानी भएको जम्मा रु.५१८१९०।०० सम्बन्धित बाट असुल हुनु पर्दछ । | ५१८१९०/- |

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | अवकास मिति | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १ | भबानी नि.मा.वि. तोलीमाण्डौं | हरक सिंह ठगुन्ना | २०७५।११।२७ | ४०६३०.०० |
| २ | भबानी नि.मा.वि. तोलीमाण्डौं | विर सिंह ठगुन्ना | २०७५।११।२७ | ४०६३०.०० |
| ३ | विश्वश्वर आ.वि | लालमती धामी | २०७५।११।२७ | ३०६३०.०० |
| ४ | सिद्धनाथ प्रा.वि | कलावती धामी | २०७५।११।२७ | ४०६३०.०० |
| ५ | दुर्गेश्वर आ.वि. ताकु | कोपिला महर | २०७५।११।२७ | ४०६३०.०० |
| ६ | दुर्गेश्वर आ.वि. नुलजर | राम सिहं ठगुन्ना | २०७५।११।२७ | ४०६३० |
| ७ | हिमालय आ.वि थाम | जयन्ती महता | २०७५।११।२७ | ४०६३०.०० |
| ८ | हिमालय आ.वि थाम | सुनमती महता | २०७५।११।२७ | ४०६३०.०० |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>९</td><td>लाम्बगर नि.मा.वि लामबगर</td><td>निर्मला सिंह</td><td>२०७५।११।२७</td><td>४०६३०.००</td></tr>
<tr><td>१०</td><td>युवा वर्ष प्रा.वि.</td><td>मनिषा विष्ट</td><td>२०७५।११।२७</td><td>४०६३०.००</td></tr>
<tr><td>११</td><td>युवा वर्ष प्रा.वि.</td><td>पार्वति जोशी</td><td>२०७५।११।२७</td><td>४०६३०.००</td></tr>
<tr><td>१२</td><td>दुर्गेश्वर नि.मा.वि दह</td><td>धन बहादुर ठगुन्ना</td><td>२०७५।११।२७</td><td>४०६३०.००</td></tr>
<tr><td>१३</td><td>दुर्गेश्वर नि.मा.वि दह</td><td>प्रेम सिंह धामी</td><td>२०७५।११।२७</td><td>४०६३०.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५१८१९०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०.१</td><td>अस्थायी शिक्षक : मिति २०७५।११।२७ मा अस्थायी शिक्षकबाट अवकास दिइने निर्णय भएकोमा तल उल्लेखित विद्यालयहरुमा अस्थायी शिक्षक भनि २०७५चैत्र देखि २०७६ अषाढ सम्म भुक्तानी दिएको देखिएकाले उक्त विद्यालयको शिक्षको सम्बन्धमा गाँउपालिकाबाट छानविन गरी यकिन हुनु पर्ने रु.
<table>
<tr><td>विधालयको नाम</td><td>शिक्षकको नाम</td><td>भुक्तानी भएको रकम रु.</td></tr>
<tr><td>दुर्गोश्वर प्रा.वि वार्कु</td><td>हर्क बहादुर खत्री</td><td>१३२५२०</td></tr>
<tr><td>दुर्गोश्वर प्रा.वि वार्कु</td><td>जानकी महरा</td><td>१३२५२०</td></tr>
<tr><td>दुर्गोश्वर आ.वि ताकु</td><td>लक्ष्मी ठगुन्ना</td><td>१३२५२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३९७५६०</td></tr>
</table>
</td><td>३९७५६०/-</td></tr>
<tr><td>५०.२</td><td>छुट तलव : मालिकार्जुन प्रा.वि. पारिवन का करार शिक्षक नरेन्द्र सिंह धामलाई  पुष ८ देखिको छुट तलव भनि तलव भत्ता निकासा दिइएकोमा निज शिक्षक २०७५।९।०८ मा नियुक्त भएकोमा २०७५।९।२३ देखि २०७५ फागुन महिना सम्मकै  रु. ८३२०९।०० भुक्तानी भएको छ । पुष महिनामा निज शिक्षको जम्मा १५ दिनको मात्रै छुट तलब दिनुपर्नेमा चैत्र महिनामा २०७५।०९।०८ देखिकै छुट तलब भनि रु. १२५३७३।०० भुक्तानी भएको देखिएकाले बढी भुक्तानी भएको रकम रु.६९४२८।०० सम्बन्धितवाट  असुल हुनु पर्दछ ।</td><td>६९४२८/-</td></tr>
<tr><td>५०.३</td><td>सरुवा शिक्षक : जनता मा.वि. मल्लेख अछामवाट दुर्गेश्वरी मा.वि घोल्जरमा सरुवा भई भएका प्रा.वि.द्धितीय शिक्षक बसन्त सिंह महरलाई जेष्ठ र अषाढ महिनाको तलब भत्ता भुक्तानी भएको देखिएकाले निज शिक्षकले जनता मा.वि. मल्लेख अछामवाट जेष्ठ र असार महिनाको तलव भत्ता नबुझेको प्रमाण पेश हुनुपर्ने रु.......</td><td>६५५२२/-</td></tr>
<tr><td></td><td>समाजिक सुरक्षा भत्ता तर्फ</td><td></td></tr>
<tr><td>५१.</td><td>सामाजिक सुरक्षा भत्ता वितरण : सामाजिक सुरक्षा ऐन , २०७५ को दफा १७ मा स्थानिय तहले दफा १६ बमोजिमको परिचयपत्रको आधारमा सामाजिक सुरक्ष भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८ मा वितरण गरिएको समाजिक सुरक्षाको अभिलेख तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्ने  व्यवस्था छ । यस वर्ष गाँउपालिकाले ६ वटा वडा मार्फत जम्मा रु.१७४०८६००।०० वितरण गरेकोमा लेखापरीक्षण योजनाले निर्दिष्ट गरे बमोजिम निकासाको आधारमा पहिलो र पाँचौ स्थानका वडाको छनौट गरिएकोमा भरपाईका आधार परीक्षण गरिएको छ । मुल लगत तथा VERSP-MIS मा कति तथ्याङ्क रहेको हो सो सम्बन्धमा यकिन हुन सकिएन । VERSP-MIS तथा मुल लगतलाई अध्यावधिक गरी बैङ्किङ प्रणाली मार्फत वास्तविक लाभग्राहीलाई भुक्तानी हुने व्यवस्था मिलाउने तर्फ गाँउपालिकाले उचित पहल गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>पेश्की बाँकी:- गो.भौ.नं. २०७६।३। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) र (६) मा खरिद सम्झौताको शर्त अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा सरकारी काम काजको लागि दिइएको पेश्की नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । गाँउपालिकाले  उपलव्ध गराएको बिबरण अनुसार सारथी मिडिया प्रा.लिको  फछ्र्यौट हुन बाँकी रहेको पेश्की रु.३३००००/-लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नगरी बाँकी राखेको पाइएकोले नियमानुसार फछ्र्यौट हुनु पर्ने रु.......</td><td>३३००००/-</td></tr>
</table>

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>५३.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :
<table>
<tr><td>गत वर्षको बेरुजु रकम (रु.) (A)</td><td>यो वर्ष फछ्र्यौट (B)</td><td>बाँकी (C= A-B)</td></tr>
<tr><td>७२८६७१४/६८</td><td>३८५४६९०/३</td><td>३४३२०२४.३८</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४.</td><td>अद्यावधिक बेरुजु स्थिति : लेकमपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</td><td>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</td><td>यो वर्षको कायम बेरुजु रु. (E)</td><td>बाँकी (F= C+D+E)</td></tr>
<tr><td>३४३२०२४.३८</td><td>०</td><td>३४१९२६८७.०३</td><td>३७६२४७११.४१</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ।</td><td></td></tr>
</table>

# मार्मा गाउँपालिका

**अनुसूची १**
**बेरुजु वर्गीकरण**
**२०७५।७६**

(रु.हजारमा)

| **प्रारम्भिक बेरुजू** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजू** | | | **वाँकी बेरुजू** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गनुंपनें | | | | | पेश्की | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असूल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | मोविलाइंजेशन | कर्मचारी | अन्य | जम्मा |
| ३६ | २२ | ३४१९२ | - | - | - | ३६ | २२ | ३४१९२ | ५५०७ | २२०४३ | ६३१२ | - | - | २८३५५ | ३३० | - | - | ३३० |

# मार्मा गाउँपालिका

## अनुसूची-२

## सञ्चित कोष विवरण

**२०७५।७६**

(रु.हजारमा)

| आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ३१७३० | १०७९८२ | २३६००७ | ४६२३ | ३४८६१२ | १९९०२९ | १३१९४३ | २७२३ | ३३३६९५ | ४६६४७ |

# मार्मा गाउँपालिका

## अनुसूची-३

## अध्याबधिक वेरुजु स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | मार्मा गाउँपालिका | दार्चुला | ७२८६७१४.६८ | ३८५४६९०/३ | ३४३२०२४.३८ | ०.००० | ३४१९२६८७.०३ | ३७६२४७११.४१ |